स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक तथा मोडल प्रकाश सपुत र सनिशा भट्टराईको अभिनय रहेको नयाँ भिडियो 'फूलमाया कान्छी' सार्वजनिक भएको छ । प्रेमकथा देखाउन खोजिएका भिडियोका निर्देशक सुनिल विक हुन् भने छायाँकन बुद्ध थापाको रहेको छ । योगेशकाजी शाह र शान्तिश्री परियारको स्वर रहेको गीतमा कृष्ण केसीको शब्द छ । गायक शाहकै संगीत तथा संगीत संयोजन गीतमा छ । योगेश र शान्तिश्रीले यस अगाडि पनि सहकार्यमा थुप्रै गीत ल्याइसकेका छन् ।

**आजको विचार...**



अमृता अनमोल

अनलाइन... (दुई पेजमा)

भारतमा आयोजित मिस वर्ल्ड प्रतियोगितामा सहभागिता जनाएर प्रियंकारानी जोशी बेलुका स्वदेश फर्किएकी छिन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा द हिडन ट्रेजरका पदाधिकारीले स्वागत गरेका थिए । मिस वर्ल्डको फिनालेमा उत्कृष्ट ४० मा पुगन सफल प्रियंका 'ब्युटी विथ अ पर्पस' विधामा एसिया र ओसियाना महादेशबाट उत्कृष्ट घोषित भइन् । यो विजयलाई उनलाई क्वार्टरफाइनलमा पुर्‍यायो । उनी अन्तिम ४० बाट बाहिरिएकी थिइन् । 'ब्युटी विथ अ पर्पस'मा महादेशीय विजेता बनेसँगै प्राप्त गरेको अवार्ड पनि उनले स्वदेश ल्याएकी छन् ।



❒ वर्ष २९ ❒ अंक २२३ ❒ २०८० फागुन २९ गते मंगलबार 12 March 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### बसको ठक्करबाट प्रहरीको मृत्यु

**काठमाडौं,** फागुन २८/कोटेश्वरमा जुनेली यातायातको बसको ठक्करबाट गम्भीर घाइते भएका ट्राफिक प्रहरी नायव निरीक्षक टोपहादुर खत्रीको मृत्यु भएको छ ।

यही फागुन २० गते जुनेली यातायातको प्रदेश-३-०१-००५ ख ९७५५ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते खत्रीको माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए । उनले भने, 'जुनेली यातायातको बसको ठक्करबाट उनी गम्भीर घाइते भएर अन्नपूर्ण न्यूरो अस्पतालमा भर्ना भएका उनको आइतबार उपचारका क्रममा मृत्यु भएको छ । दुर्घटना गराउने बसका चालक नवराज गिरी प्रहरी नियन्त्रणमा छन् ।' बसका चालक गिरीलाई प्रहरीले 'सवारी ज्यान' सम्बन्धी कसूरमा अनुसन्धान गरिरहेको र खत्रीको मृत्यु भएपछि अब सोही अनुसारको मुद्दा प्रक्रिया अगाडि बढ्ने प्रवक्ता श्रेष्ठले बताए । *-रासस*

# तानसेन महोत्सवको आकर्षण : स्थानीय उत्पादन

## परम्परागत सीप, कला तथा उत्पादनमा दर्शकहरुको भिड

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन २८/जिल्लामा जारी प्रथम तानसेन महोत्सवमा स्थानीय तथा हस्तकलाका सामग्रीमा दर्शकहरुको आकर्षण बढेको छ । फागुन १९ गतेदेखि सुरु भएको महोत्सवमा स्थानीय स्तरमा उत्पादित सामग्रीमा दर्शकहरुको भीड लागेको हो ।

कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापारको प्रवर्द्धन गर्ने उद्देश्यले तानसेन नगर सरकारद्वारा आयोजित महोत्सवमा राखिएका बाँसका डोका, डाला, दुध दही जमाउने, गिठीका ठेका ठेकी, माटाका भाँडा कुँडा, बोका लगायतका सामग्री र उत्पादनले सजिएका दर्जन बढी स्टलले दिनहुँजसो चर्चा पाइरहेका छन् । महोत्सवमा सोचेभन्दा राम्रो कारोबार भएको व्यवसायीहरुको भनाई छ । स्थानीय स्तरका उद्योगहरूबाट उत्पादित सामग्रीको प्रवर्द्धन र बजार व्यवस्थापनमा सघाउ पुर्‍याउने योजनासहित आयोजित महोत्सवमा उद्यमीले भाग लिने अवसर पाएका हुन् । महोत्सवमा तानसेन नगरपालिका ८ मदनपोखराका दुर्गाबहादुर खाँण ठकुरीले राखेको एक सय दश र एक सय साठी किलोको बोका हेर्नेहरुको भीड लाग्ने गरेको छ ।









यस्तै लक्ष्मी माध्यमिक विद्यालय तानसेन -५ का विद्यार्थीहरुले राखेको कृषि नर्सरीको स्टलमा समेत दर्शकको आकर्षण बढेको छ । महोत्सवमा बगनासकाली ९ चापपानीका खुमबहादुर विकले स्थानीय घरेलु कृषि औजार तथा हातहतियार विक्री गरी महोत्सवमा फाईदा उठाएका छन् । अहिलेका अधिकांश पुस्ताहरुमा दुधबाट दही बनाउने परम्परागत काठका सरसमान, दही फिट्ने ठेका, ठेकीहरुको प्रयोग बारेमा जानकारी छैन । पसलमा गयो, दुध दही किन्यो खायो, दुधबाट दही कसरी जमाइन्छ, केमा जमाइन्छ भन्ने जानकारी छैन । यस्तो अवस्थामा महोत्सवमा राखिएका परम्परागत रुपमा बन्दै आएका गिठीका ठेका, ठेकी बनाउने, विक्री गर्ने स्टल आकर्षणको केन्द्र बन्न पुगेका हुन् । गुल्मी छत्रकोट गाउँपालिका -१ हुगाँका यमन चुदाराले स्टलमै ठेका, ठेकी बनाउँदै, देखाउँदै विक्रि गर्दै आएका छन् । परम्परागत काठका ठेकाहरुको प्रयोग मानविय स्वास्थ्यको लागि निकै राम्रो भएपनि स्टिलका भाडाँको तुलनामा महङ्गो पर्ने भएकाले सरकारबाट नीतिगत व्यवस्था गरी परम्परागत पेशा व्यवसाय जोगाउनु पर्ने व्यवसायी चुदाराले बताए । नेपालमा रोजगारी नपाएको भन्दै लाखौं युवाहरु विदेशिएका छन् । तर स्वदेशमा पनि केही गर्न सकिन्छ भन्ने सन्देश दिन स्वदेशी कच्चा समाग्रीहरुको प्रयोग गरेर अहिले केही युवाहरुले रोजगारी सहित आम्दानी गर्ने गतिलो माध्यम बनेको छ बाँस उद्योग । कारागारका कैदी बन्दीले बुनेको बाँसका मुढा विक्री गर्दै आएका बालकृष्ण अर्यालले विक्री राम्रो भएको बताए ।

नेपालको पहाडी र तराई क्षेत्रमा प्रशस्त पाईने बाँस प्रयोग विहीन भइरहको समयमा नवलपरासी सुनवलका एक युवाले सयौं सरसमान बनाई तानसेन महोत्सवमा विक्री गर्दै आएका छन् । बाँसका सरसमानहरुको कारण तानसेन महोत्सवमा आर्कषण बढेको छ । सयौं थरीका बाँसका सरसमानहरुको अवलोकनले युवा पुस्ताहरुमा स्वदेशमै केहि गर्न सकिन्छ भन्ने आत्मविश्वास बढाएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

# राष्ट्रिय सभा अध्यक्षको निर्वाचन आज हुँदै

## माओवादीका दाहाल र काँग्रेसका शर्मा प्रतिस्पर्धामा




**पाल्पा,** फागुन २८/राष्ट्रिय सभा अध्यक्षको निर्वाचन आज हुन लागेको छ । संसद् सचिवालयले आइतबार सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुसार अध्यक्ष पदका लागि मंगलबार निर्वाचन हुन लागेको हो ।

निर्वाचनका लागि सोमबार उम्मेदवारी दर्ता भएको छ । पाँचदलीय सत्तागठबन्धन र प्रतिपक्षी कांग्रेसले उम्मेदवार दर्ता गराएका हुन् । माओवादीले गठबन्धनको साझा उम्मेदवारको रूपमा केन्द्रीय सदस्य नारायण दाहाल र कांग्रेसले युवराज शर्मालाई चुनावी प्रतिस्पर्धामा उतारेको छ । सत्ता गठबन्धनबाट उम्मेदवारी दिएका दाहाल माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका भाइ हुन् । चितवनको भरतपुरबाट प्रतिनिधित्व गर्ने दाहाल ०७८ चैतमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट राष्ट्रिय सभा सदस्य मनोनीत भएका थिए । काँग्रेसबाट उम्मेदवार बनेका शर्मा २०७८ फागुनमा लुम्बिनीबाट निर्वाचित भएका थिए । उनी बाँकेबाट प्रतिनिधित्व गर्दछन् । राष्ट्रिय सभामा सत्ता गठबन्धनको बहुमत छ । राष्ट्रिय सभामा माओवादी १७ सांसदसहित पहिलो दल रहेको छ । एमाले १०, एकीकृत समाजवादी ८ र जसपा ३ गरी सत्ता गठबन्धनसँग राष्ट्रिय सभामा ३९ सांसद छन् । राष्ट्रिय सभा अध्यक्षमा मनोनीत हुनका लागि ३० जना सांसद भए बहुमत पुग्छ । काँग्रेससँग राष्ट्रिय सभामा १६ सांसद छन् । निवर्तमान राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिना ६ वर्षे कार्यकाल पूरा गरेर २० फागुनदेखि बिदा भइसकेका छन् । रिक्त पद पूर्तिका लागि निर्वाचन हुन लागेको हो ।

# कर्मचारी र जनप्रतिनिधिका छोराछोरी सरकारी विद्यालयमा पढाउन निर्देशन

**गुल्मी,** फागुन २८/जिल्लाको मुसिकोट नगरपालिकाले सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरीलाई अनिवार्यरुपमा सामुदायिक विद्यालयमा भर्ना गर्न निर्देशन दिएको छ । उसले शैक्षिक सत्र २०८० बाटै लागू हुने गरी सो निर्देशन दिएको हो ।

नगरपालिकाले एक सूचना नै जारी गर्दै नगरपालिका अन्तर्गत रहेका सरकारी सेवा-सुविधा लिने जनप्रतिनिधी, शिक्षक तथा कर्मचारीहरुले आफ्ना छोरा-छोरीहरुलाई सामुदायिक विद्यालयहरुमा अध्ययन गराउनु पर्ने गरी नगरपालिकाको नगर सभाबाट निर्णय गरि ऐन नियममा नयाँ व्यवस्था गरिएको उल्लेख गरेको छ । अब नयाँ शैक्षिक सत्रमा सबैले आफुले अभिभावकत्व ग्रहण गरेका बालवालिकाहरुलाई सामुदायिक/सरकारी विद्यालयहरुमा भर्ना गराउनु हुन सूचनामा भनिएको छ । पालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउनको लागि सो निर्णय गरिएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । सार्वजनिक पद धारण गरी पालिकाभित्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्दै आएका व्यक्तिको सन्तान आगामी शैक्षिक सत्रदेखि अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गरेर पठाउनुपर्ने बाध्यकारी नियम नगर लागू गरेको हो । सो नियम अनुसार सरकारी कर्मचारी, जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी लगायतले अनिवार्य रुपमा आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गराउनु पर्ने भएको छ । आफू सामुदायिक विद्यालयमा कार्यरत रहे पनि आफ्नो सन्तानलाई संस्थागत विद्यालयमा पढाएकाले शिक्षामा गुणस्तर वृद्धि नभएको नगर सरकारको ठहर छ । नगरपालिकाका भित्र सरकारी सेवा सुविधा लिने जनप्रतिनिधि, शिक्षक र कर्मचारीले आफ्ना बालबालिकालाई संस्थागत विद्यालयमा पढाउने गरेको भन्ने जनगुनासो आएपछि नगरपालिकाले सो निर्देशन गरेको जनाइएको छ । नगरपालिकाभित्र हाल १६ माध्यमिक, आठ निम्न माध्यमिक र ४७ प्राथमिक विद्यालय रहेको बताइएको छ ।





# 'ल्होसार माघ २७ मा थियो, सरकारले फागुन २८ मा बिदा दियो'




**पाल्पा,** फागुन २८/शेर्पा समुदायले ग्याल्पो ल्होसार माघ २७ मै भए पनि सरकारले भने फागुन २८ अर्थात् हिजो विदा दिएको बताएका छन् । सोमबार ताप्लेजुङका शेर्पा समुदायले प्रमुख जिल्ला अधिकारी मार्फत सरकारको ध्यानाकर्षण गराउँदै ग्याल्पो ल्होसार गत माग २७ गतेका दिन मै परेको भएता पनि नेपाल सकारले फाल्गुण २८ गतेका दिनलाई ग्याल्पो ल्होसार भनेर सार्वजनिक बिदा दिएको उल्लेख गरेका हुन् ।

उनीहरुले यस वर्ष शेर्पाहरूको महान् चाड २१५१ औं ग्याल्पो ल्होसार मनाइसकिएको भए पनि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले तयार गरेको पात्रोलाई आधार मानेर सरकारले बिदा दिएको प्रति आपत्ति जनाएका छन् । समग्र हिमाली बौद्ध मार्गीहरूको चाड पर्वको तिथि नै भ्रममा पारिएको ज्ञापन पत्रमा उल्लेख छ । शेर्पा समुदायले यस विषयमा गम्भीर आपत्ति जनाउँदै आगामी दिनहरूमा यस्तो गल्ती नगर्न प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सकारलाई ध्यानाकर्षण गराएका छन् । 'विश्वको विभिन्न देशको भ्रमण गर्ने क्रममा हाम्रो देशका सरकार प्रमुख, प्रधानमन्त्री, मन्त्री लगायत देशको उच्च तहमा जिम्मेवारी वहन गरीराज्य सञ्चालन गर्ने सरकारले आफ्नो परिचयको क्रममा बुद्ध जन्मेको देश भनेर परिचय दिने तर साँच्चिकै बुद्ध जन्मभूमिमा बसोबास गर्ने बौद्ध मार्गीहरूको महत्वपूर्ण तिथि मिति, चाडपर्वहरूमा भने पुरै बेवास्ता गरी बौद्ध मार्गी तथा सोझा सिधा शेर्पा समुदायहरूमाथि सरकारले विभेद गरिएको प्रस्ट देखिएको छ' ज्ञापन पत्रमा भनिएको छ । महायानी बौद्धमार्गीहरूको सम्पूर्ण चाडपर्वहरू भोट चन्द्र पात्रोमा आधार मानी मान्ने मनाउने भएकाले आगामी दिनमा त्यही मितिअनुसार बिदा दिन पनि माग गरिएको छ । सोमबार ग्याल्पो ल्होसार भन्दै सरकारले सार्वजनिक बिदा दिएको थियो । पर्वको अवसरमा राष्ट्रपतिदेखि प्रधानमन्त्री सम्मले शुभकामना दिएका थिए । तर शेर्पा समुदायले भने सोमबार नभई गत माघ २७ गते नै ग्याल्पो ल्होसार मनाइसकेको बताएका छन् ।

आइतबार नेपाल शेर्पा संघ जिल्ला कार्य समितिका अध्यक्ष पासाङ रिता शेर्पा, शेर्पा सञ्चार समूहका सचिव तेञ्जीङ शेर्पा, हिमालयन शेर्पा सांस्कृतिक केन्द्रका जिल्ला अध्यक्ष मिङ्मा खाण्डु शेर्पा नेपाल शेर्पा विद्यार्थी संघका अध्यक्ष मिङ्मा दिकी शेर्पाले संयुक्त रुपमा हस्ताक्षर गरी प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र पठाएका हुन् । यसअघि गत माघ २५ गते नै नेपाल शेर्पा संघको केन्द्रीय कार्य समितिले विज्ञप्ति जारी गर्दै ग्याल्पो ल्होसार भोटचन्द्र पात्रोअनुसार सुधार गर्न पञ्चाङ्ग निर्णायक समितिलाई अनुरोध गरे पनि नभएको बताइएको छ ।

# तानसेन महोत्सवको आकर्षण...

...३ वर्षदेखि बासँको उद्योग सञ्चालन गर्दै आएका नवलपरासी सुनवलका मौसम श्रेष्ठले महोत्सवमा राम्रो व्यापार भएकाले बासँका सरसमानप्रति अझै उत्साह बढाएको बताए । श्रेष्ठको एक पटक ल्याएको बाँसका सम्पूर्ण सरसमान सकिए पुन: दोस्रो पटक ल्याई विक्री गरेका छन् । श्रेष्ठको दैनिक २० देखि ५० हजारसम्मको बाँसका सरसमानहरु विक्री हुँदै आएका छन् । महोत्सवमा विभिन्न सांगीतिक कार्यक्रम, रमाइलो मेला, स्थानीय उत्पादन र आयातित वस्तुका स्टल, रेस्टुरेन्ट सञ्चालनमा छन् । जहाँ ३ सय वटा स्टलहरु मध्ये ५० वटा स्टल नगरपालिकाले परम्परागत सीप, कला, घरेलु तथा कुटिर उद्योग, कृषि, पशु सम्बन्धी स्टलहरुको निशुल्क रुपमा उपलब्ध गराएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । कृषि तथा उत्पादन, घरेलु तथा साना उद्योगहरुको उत्पादन तथा परम्परागत सीप कला सम्बन्धी उत्पादनहरुलाई तानसेन नगरपालिकाले खोजी-खोजी स्टलहरु सञ्चालन गरेको छ । ढाका बुन्ने सीपदेखि, च्याउँ उत्पादन गर्ने तरिका, खेती पाती गर्नेदेखि, नर्सरी राख्ने तरिका, परम्परागत सीप कलाहरु देखाउदै सिकाउँदै मानिसको आय आर्जनसँग जोडिने गरी महोत्सव केन्द्रित रहेको नगर प्रवक्ता यादवसिंह कार्कीले बताए ।

तानसेन नगर सरकारले महोत्सवबाट परम्परागत सीप, कला संस्कृतिको प्रयोग र प्रदर्शनीले मानिसहरुलाई आय आर्जनसँग जोडेको छ । पाल्पामा हुने गरेका विगतका मेला महोत्सव कुनै व्यक्ति संघ संस्थाको आयआर्जनको गतिलो माध्यम बन्दै आएकोमा तानसेन नगरपालिकाले गर`को प्रथम तानसेन महोत्सवले भने नगर सरकारको राजश्वमा ६५ लाख बृद्धि भएको नगरपालिकाकी उप-प्रमुख प्रतिक्षा गाहा सिंञ्जालीले बताइन् । नगर सर कारको आन्तरिक आम्दानी वृद्धिले आगामी बजेटको आकार बढ्ने र संघीय सरकारबाट आउने विकास निर्माणको बजेट समेत वृद्धि हुनेमा नगरपालिकाले विश्वास लिएको छ । महोत्सव यही फागुन २९ गतेसम्म चल्ने छ । महोत्सवमा १० करोडको कारोबार हुने अपेक्षा गरिएको छ ।


## वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि घर-परिवारमा छोडौं

***वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं***

- पासपोर्ट र नागरिकता,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृती,
- स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,
- अभिमुखीकरण लिएको प्रमाणपत्र,
- म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
- रोजगारदातासँग गरेको करार सम्झौता,
- बीमा गराएको कागजात,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
- आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- आफूलाई महत्वपूर्ण लागेका अन्य कागजातहरु ।

*यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ ।*



नेपाल सरकार

## विज्ञापन बोर्ड


खेलकुद समाचार

# नेपाल होम म्याच बहराइनमा खेल्ने



**काठमाडौं,** फागुन २८/नेपाली राष्ट्रिय फुटबल टिमले फिफा विश्वकप र एएफसी एसियन कपको संयुक्त छनोट अन्तर्गत बहराइन विरुद्धको होम म्याच पनि बहराइनमै खेल्ने भएको छ ।

छनोटको दोस्रो चरण अन्तर्गत आगामी चैत ८ गते नेपालले घरेलु मैदानमा बहराइनसँग खेल्ने तालिका थियो । यस्तै चैत १३ गते बहराइनमा अवे म्याच खेल्ने तालिका छ । तर, नेपालको दशरथ रंगशालामा विश्वकप छनोटको खेल खेलाउन लायक नभएपछि नेपालले घरेलु मैदानमा खेल्ने अवसर गुमाएको हो । अब नेपाल र बहराइनबीच चैत ८ गते हुने खेल बहराइनमा हुने भएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) स्रोतका अनुसार खेल बहराइनमै गर्ने तय भएको हो । यसको आधिकारिक घोषणा हुन भने हुन बाँकी छ । छनोटको दोस्रो चरणमा नेपाल समूह एचमा छ । नेपालले यसअघि यूएईसँग उसैको मैदानमा र यमनसँग घरेलु मैदानमा खेलेको थियो । अब नेपालले बहराइनसँगको दुवै खेल उसैको मैदानमा खेल्नेछ । त्यसपछि भूएईसँगको होम म्याच र यमनसँगको अवे म्याच आगामी जुनमा हुनेछ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# सोमबार सुनको भाउ स्थिर




**पाल्पा,** फागुन २८/पछिल्लो केही दिन यता नेपाली बजारमा निरन्तर बढीरहेको सुनको भाउ सोमबार भने स्थिर रहेको छ । हालसम्मकै उच्च मूल्यमा पुगेको सुनको भाउ स्थिर रहेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार अघिल्लो दिनकै मूल्य प्रतितोला १ लाख २६ हजार रुपैयाँमा सुनको कारोबार भएको छ । नेपाली बजारमा १६ महिनामा सुनको मूल्य प्रतितोला ३५ प्रतिशतले बढिसकेको छ । १७ कात्तिक २०७९ मा प्रतितोला ९३ हजार १ सय रुपैयाँमा सुनको कारोबार भएको थियो । विगत २५ दिनमा सुनको मूल्य ९ हजार ५ सय रुपैयाँ बढिसकेको छ । फागुन ३ गते सुनको भाउ तोलामा १ लाख १६ हजार ५ सय रुपैयाँ थियो । चाँदीको मूल्य पनि सोमबार स्थिर रहेको छ । प्रतितोला १ हजार ४७५ रुपैयाँमा चाँदीको कारोबार भइरहेको छ । यसअघि गत पुस १२ गते प्रतितोला एक लाख २२ हजार रुपैयाँको उच्चदरमा छापावाल सुन कारोबार भएको थियो । त्यसपछि केही समय सामान्य रही यही फागुन २ गते एक लाख १६ हजार पाँच सयसम्म आएको सुनको मूल्य त्यसयता उतारचढाव हुँदै हालसम्मकै उच्च बनेको हो ।

महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा हाल सुनप्रति औंस दुई हजार एक सय ७८ डलर आसपास कारोबार भइरहेको छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com

डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई